eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७८/०७९

च.नं.

मिति : २०७८ /०४/२६

**सूचना |** **सूचना ||** **सूचना |||**

बिषय – घर नक्सा पासको लागि इञ्जिनियरिङ कन्सल्टेन्सी सुचिकृत गर्ने सम्वन्धि सूचना |

यस नगरपालिका भित्र आ.व ०७८ /०७९ मा घर नक्सा पासका लागि इञ्जिनियरिङ कन्सल्टेन्सीहरु अध्यावधिक गर्नुपर्ने भएकाले ईच्छुक संघ संस्था / फर्महरूले तपसिलका कागजातहरु सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ | साथै यस भन्दा अगाडी सुचिकृत गरेका संघ संस्था / फर्महरूले तपसिल बमोजिमका कागजात सहित पुन : सुचिकृत गर्नुहुन जानकारी गराईन्छ | यस कार्यालयमा दर्ता नभएका कन्सल्टेन्सी बाट तयार पारिएका घर नक्शा स्वीकृत नगरिने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ | दर्ता हुन आएका आवेदकहरु सुचिकृत गर्ने / नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ |

## तपसिल

१) फर्मको प्रोफाईल

२) नक्सा तयार गर्ने इञ्जिनियर , सब – इञ्जिनियर को शैक्षिक योग्यताको प्रमाण पत्र (इञ्जिनियरको हकमा NEC दर्ताको प्रमाण पत्र समेत) , फोटो , हस्ताक्षरको नमुना ( स्वयं उपस्थित हुनुपर्ने )

३) फर्म दर्ताको प्रमाणपत्र , कर चुक्ताको प्रमाणपत्र , PAN वा VAT दर्ता प्रमाणपत्र

४) फर्ममा कार्यरत कर्मचारीको अध्यावधिक विवरण

५) सम्पूर्ण कागजात सहित फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्ने

जनार्दन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत